घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

## करारमा रोजगार संयोजक पदपूर्ति गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७६।०८।२०)

यस गाउँपालिका अन्तर्गत रहने रोजगार सेवा केन्द्रको लागि तपसिलमा उल्लेखित अस्थायी दरबन्दीको रोजगार संयोजकको पद करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिनको २:०० बजेसम्म ने.बैं लि., जोमसोममा रहेको यस कार्यालयको राजश्व खाता नं.०६८०३०००००००००४००१०२८ मा रु.५००।- बुझाएको भौचर वा यस कार्यालयमा नगदै बुझाएको रसिद संलग्न राखी तोकिएको दरखास्त फाराम बमोजिम दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | पद नाम | तह | आवश्यक पद | कैफियत |
|---|---|---|---|---|
| १ | रोजगार संयोजक | सहायक पाँचौं तह वा सो सरह | १ | |

**तपसिल :-**

१. शैक्षिक योग्यता

क) कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

ख) अन्य योग्यताको हकमा प्रचलित नेपाल कानूनद्वारा अयोग्य नठहरिएको हुनुपर्ने ।

२. उम्मेदवारको उमेरको हक : दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा गरी ४५ बर्ष ननाघेको ।

३. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

४. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

५. छनौट बिधि : क) प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन ।

ख) सेवा सम्बन्धी विषयको ५० पूर्णाङ्कको र कम्प्यूटर सम्बन्धी विषयको ५० पूर्णाङ्कको छुट्टा छुट्टै लिखित परीक्षा हुनेछ ।

ग) अन्तिम योग्यताक्रमको सूची प्रकाशन ।

६. मासिक तलब : नेपाल सरकारको नायव सुब्बा सरह

७. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु : क) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, ग) अनुभवको प्रमाणित प्रमाण पत्रको प्रतिलिपी (भएमा), घ) कम्प्यूटर तालिम प्राप्तको प्रमाण पत्रको प्रतिलिपी । दरखास्त साथ पेश गर्ने कागजातहरु उम्मेदवार स्वयमले हस्ताक्षर सहित प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

८. परीक्षाको मिति र समय प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन भए पश्चात गरिने छ ।

९. परीक्षाको पाठ्यक्रम यस कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

१०. दरखास्त आवश्यक सबै कागजात संलग्न राखी यस कार्यालयको इमेल ठेगाना gharapjhongrmunicpality@gmail.com मा समेत पेश गर्न सकिने छ ।

११. विस्तृत जानकारी www.gharapjhongmun.gov.np वा www pmep.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**